आ.व. २०८१।०८२
बैठकः- नगर कार्यपालिका बैठक
अध्यक्षताः- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

बैठक नं. १२।०८१।०८२
मितिः-२०८२।०३।०८ गते
स्थानः- ता.न.पा मिनिहल
समयः- दिउसो१२.०० बजे

तानसेन नगर कार्यपालिकाको बैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

CamScanner

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री पिताम्वर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |

CamScanner

**निर्णय नं. १**

तानसेन नगर कार्यपालिकाको मिति २०८२।०२।८ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं. २**

डुम्रे सुनडाडा तेल्घा गुफाचौर वडरवोट हुलाङ्गदी सडक निर्माण कार्य १७ जुन २०२५ मा सम्पन्न गर्नेगरी ३ मे २०२४ मा सम्झौता भई कार्य संचालन भएकोमा निर्माण व्यवसायी बेदांशी ईन्फ्रास्ट्रक्चर प्रा.लि.वाट ७ मे २०२५ मा बिभिन्न कारण देखाई म्याद थप गर्न Project Manager (DSC)लाई पत्राचार गरिएको र DSC (AVIYAAN CEMECA–MOONLIGHT JV) वाट ६७ (सत्सठ्ठी) दिन म्याद थप गर्न मनासिव देखि सिफारिस भएको र उक्त सिफारिस सहित कार्यालयवाट मिति २०८२।३।२ मा नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना, आयोजना समन्वय कार्यालय काठमाण्डौमा म्याद थपका लागि अनुमति माग गरिएकोमा उक्त आयोजनावाट ६७ दिन म्याद थपका लागि सिफारिस भई आएकोले नियमानुसार हुनेगरी १७ जुन २०२५ देखी ६७ दिन म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तानसेन नगरपालिका नगरसभा १७ औं अधिवेशनको पहिलो वैठकको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

तानसेन नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गरी १७ औं नगरसभामा पेशगर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

तानसेन नगरपालिकाको आ.व २०८२/०८३ को वार्षिक वजेट तथा कार्यक्रम स्वीकृत गरी १७ औं नगरसभामा पेशगर्ने निर्णय गरीयो ।

**निर्णय नं. ६**

तानसेन नगरपालिकाको आ.व २०८२/०८३ को आर्थिक विधेयक स्वीकृत गरी १७ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

तानसेन नगरपालिकाको आ.व २०८२/०८३ विनियोजन विधेयक स्वीकृत गरी १७ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिकाकाको लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण ऐन, २०८१ (पहिलो संशोधन) विधेयक स्वीकृत गरी १७ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

तानसेन नगरपालिकाको तानसेन नगर प्रज्ञा प्रतिष्ठान ऐन २०८१ (पहिलो संशोधन) विधेयक स्वीकृत गरी १७ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

तानसेन नगरपालिकाको न्यायिक समितिको प्रतिवेदन स्वीकृत गरी १७ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

तानसेन नगरपालिकाको मध्यमकालीन खर्च संरचना (२०८२/०८३-२०८४/०८५) स्वीकृत गरी १७ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

तानसेन नगरपालिकाको दलित सशक्तिकरण तथा विकास विधेयक, २०८२ स्वीकृत गरी १७ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

टिकेश्वर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

निर्णय नं. १३
तानसेन नगरपालिकाको नगर पर्यटन विकास विधेयक, २०८२ स्वीकृत गरी १७ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**
तानसेन नगरपालिकामा अस्थायी, करार र ज्यालादारीमा कामगर्ने कर्मचारीहरुको लागि सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गराउने तथा नगरपालिकाका समग्र कर्मचारीहरुलाई अतिरिक्त सेवा सुविधा प्रदान गर्ने विषयमा अध्ययन गरी ५ दिन भित्र नगरपालिकामा प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| श्री राम बहादुर रावल | संयोजक, सुशासन समिति | संयोजक |
| श्री यादव सिंह कार्की | नगर प्रवक्ता | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | सदस्य |
| श्री कृष्ण प्रसाद ज्ञवाली, | लेखा अधिकृत | सदस्य |
| श्री मधुसुदन घर्ती, | राजश्व शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. १५**
तानसेन नगरपालिका वडा नं.१४ स्थित बोलबानी टोल निवासी उपभोक्ताहरुले निर्माण सम्पन्न गरेको साविक अर्गली ५ बोलबानी टोलको भवन निर्माण योजनाको लागि भेला बसी योजना माग गरेको र योजना संचालनमा वडाले उपयुक्त ठानी वडास्तरबाटै सम्झौता गरी कार्यसम्पन्न भए पश्चात भुक्तानीको लागि उपभोक्ता समितिको निर्णय तथा अनुरोध र वडा समितिको निर्णय सहित सिफारिस भई आएको र वडा नं. १४ कै अर्को योजना करिडोर कमेरेढीक हुँदै चौराढीक हुँदै फोस्रान मोटरबाटो स्तरोन्नती तथा खेलमैदान तारबार योजना संचालनमा वडाले उपयुक्त ठानी वडास्तरबाटै सम्झौता गरी कार्यसम्पन्न भए पश्चात भुक्तानीको लागि उपभोक्ता समितिको निर्णय तथा अनुरोध र वडा समितिको निर्णय सहित सिफारिस भई आएकोले उल्लेखित योजनाहरुको प्राविधिक मूल्याङ्कनको आधारमा भुक्तानी दिने र अनुमोदनका **लागि १७ औ नगरसभामा** पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**
साबिक मदनपोखरा गा.बि.स वडा नं ८ हाल तानसेन नगरपालिका वडा नं ९ मा रहेको कित्ता नं १९६ को प्रति/सरकारी जग्गामा परापूर्व कालदेखी नै कमलेश्वर मन्दिर रहेको, स्थानीय भक्तजन तथा समुदायले नित्य पुजाआजा चलाउदै आएकोमा उक्त मन्दिरको सत्तल ट्रष्टहरु र अन्य संरचना जीर्ण भएकोले कमलेश्वर मन्दिर परिसरमा पूर्वाधार निर्माण योजनाको लागि आ.व. २०८१।२०८२ मा संघीय सशर्त अनुदानवाट रु. ५०,००,०००।- बजेट विनियोजित भएकोमा सो योजना कार्यान्वन गर्न कुनै बादविवाद नरहेको, सार्वजनिक हितमा प्रयोग हुने समुदायको प्रतिवद्धता समेत प्राप्त भएकोले उल्लेखित कित्ता नं को क्षेत्रफल १-१४-०-० मा पूर्वाधार निर्माण योजना अगाडी वढाउन स्थानीय उपभोक्ता समितिवाट गर्नेगरी आम भेलाको निर्णय तथा अनुरोध र वडा समितिको निर्णय सहित सिफारिस भई आएकोले सो योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्नको लागि नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय भएकोमा निर्णय बमोजिम निर्माण गरिएको उक्त योजनाको रकम प्राविधिक मूल्याङ्कनको आधारमा भुक्तानी दिने र **अनुमोदनका लागि १७ औ नगरसभामा** पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**
चालु आ.व.२०८१/०८२ मा तानसेन तगरपालिका अन्तर्गतका माध्यमिक तह र बालविकास शिक्षक तथा विद्यालय कर्मचारीहरुको लागि नपुग हुने चौथो त्रैमासिकको तलवभत्ता बापतको खर्च रकम रु.३३,६५,६१४।– (अक्षरुपी तेत्तिस लाख पैसट्ठी हजार छ सय चौध मात्र) आधारभूत तहको उपशीर्षकबाट बचत हुने रकम रु. ६६,११,८१५।– (अक्षरुपी छैसठ्ठी लाख एघार हजार आठ सय पन्ध्र मात्र) बाट निकासा दिने निर्णय गरियो ।

चिरञ्जीवी पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

CamScanner

निर्णय नं. १८

भूमिहीन दलित/सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई लक्षित गरी तानसेन नगरपालिकाबाट आयोग तथा जिल्ला समितिको सहकार्यमा २०७८-०१-०५ गते लगायत राष्ट्रिय भूमि आयोगबाट विभिन्न समयमा प्रकाशित सूचना बमोजिम प्राप्त निवेदनहरु उपर दावी बिरोध प्रयोजनार्थ ता.न.पा. वडा न. ६ बाट मिति २०८०-०१-२२ मा प्रकाशित सूचना र वडा स्तरीय सहजीकरण समितिबाट सोधखोज गर्दा जम्मा १३२ जना (५५ भूमिहीन दलित र ७७ भूमिहीन सुकुम्बासी) निवेदकहरूमध्ये ६ जना निवेदकहरू अव्यवस्थित बसोबासी रहेको र सोहिअनुसारको १२६ जना ( ५२ भुमिहीन दलित र ७४ भूमिहीन सुकुम्बासी) निवेदकहरुको विवरण प्रमाणिकरण गरी भूमि समस्या समाधान आयोगको जिल्ला समिति पाल्पालाई सिफारिस गरिदिनु भनी वडास्तरीय सहजीकरण समितिको मिति २०८२/०२/२८ गतेको बैठकको निर्णयसहित यस नगर कार्यपालिकालाई सिफारिस भई आएकाले मिति २०८२/०३/०८ मा बसेको तानसेन नगरकार्यपालिकाको बैठकबाट सो विवरण प्रमाणीकरण गरी आवश्यक कार्यप्रकृया अगाडि बढाइदिनुहुन भूमि समस्या समाधान आयोग जिल्ला समिति पाल्पालाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १९

जनता माध्यमिक विद्यालय तानसेन पाल्याको प.सं. २३०/२०८१/०८२ मिति २०८२।०३।०६ को प्राप्त पत्र बमोजिम शैक्षिक विकास केन्द्र तानसेन पाल्पाको नाममा रहेको साविक ता.न.पा वडा नं. ६ हाल ता.न.पा वडा नं. ३ स्थित कि.नं. ३२१ र ३२३ क्षेत्रफल क्रमश: ०-११-०-० र १-४-३-० भएको जग्गा जनता माध्यमिक विद्यालयको नाममा स्वामित्व हस्तान्तरणका लागि सिफारिस हुन अनुरोध भई आएकोमा विद्यालय व्यवस्थापन समितिको मिति २०६३।०३।२१ गतेको निर्णयमा उल्लेखित "हाल शैक्षिक तालिम केन्द्र पाल्पा (तत्कालिन विज्ञान शिक्षा विकास ईकाइ) र जनता उ.मा.वि पाल्याको संयुक्त स्वामित्वमा रहेको कि.नं. ३२१ र ३२३ साविक ता.न.पा वडा नं. ६ बसन्तपुर स्थित क्षेत्रफल क्रमश: ०-११-१-० र १-४-३-० को जग्गामा शैक्षिक तालिम केन्द्र पाल्पाको भौतिक सुविधा विस्तार कार्यलाई अगाडी बढाउन माथि उल्लेखित जग्गाको स्वामित्व शैक्षिक तालिम केन्द्र पाल्पाको नाममा हस्तान्तरण गर्ने र शैक्षिक तालिम केन्द्रको शैक्षिक कार्यक्रम समाप्त भएपछि उक्त जग्गा र भौतिक पूर्वाधार स्वत: जनता उ.मा.बि मा हस्तान्तरण हुने गरी सहमती दिने" व्यहोरा उल्लेख भएको र हाल पाल्पामा शैक्षिक तालिम केन्द्र नरहेको हुँदा उक्त जग्गाको नियमानुसार स्वामित्व हस्तान्तरण गरी जनता माध्यमिक विद्यालयको नाममा ल्याउनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय लुम्बिनी प्रदेश र नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. २०

तानसेन नगरपालिकाको सेवा करारमा कार्यरत कर्मचारीहरुको म्याद मिति २०८२ आषाढ मसान्तमा समाप्त हुने भएकोले आगामी २०८२ पौष मसान्तसम्मको लागि थप गर्ने निर्णय गरियो ।

निर्णय नं. २१

तानसेन नरपालिकाको लागि सानो प्रकृतिको वारुणयन्त्रको आवश्यकता भएकोले युनाईटेड मिशन टु नेपाल मार्फत जापान सरकारको सहयोगमा VCN (Volonteer Corps Nepal) संस्था मार्फत ल्याउनु पर्ने भएकोले उक्त बारुणयन्त्रको भन्सार, SWC महशुल र अन्य खर्चको लागि रु. ५०००००।- (अक्षेरुपी पाँच लाख मात्र) साझेदारी गर्नुपर्ने भएकोले तानसेन नगरपालिकाको चालु आ.व.को नगर विकास योजनाको विपद व्यवस्थापन कोषबाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २२

पाल्पा जिल्ला फुटवल संघको आयोजनामा फुटवल प्रशिक्षकहरुको प्रशिक्षण कार्यक्रमको लागि रकम रु.४०,०००।- (अक्षेरुपी चालीस हजार मात्र) र १६ औं जिल्लास्तरीय तथा प्रदेशस्तरीय राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगितामा सहभागी भएकोमा लागि रकम रु.२५,०००।- (अक्षेरुपी पच्चीस हजार मात्र) चालु आ.व.को नगर विकास योजनाको अनसूची ६.३ को नगर शैक्षिक विकास कार्यक्रम तर्फको सि.नं.१९ (विभिन्न प्रतियोगितामा खेलाडी सहभागिता) शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो ।

पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

निर्णय नं. २३

तानसेन नगरपालिका वडा नं. २ नारायणस्थान मन्दिर परिसर (फुलवारी)मा डिभिजन वन कार्यालय मार्फत पित्तलको छाना निर्माण तथा सेडहरुको संरक्षण तथा मर्मत सम्भार कार्य गर्नका लागि थप रकम माग गरिएकोमा डि.वन कार्यालयको निवेदन पत्र प्राविधिक लागत अनुमान, नाँपजाँचको आधारमा रु. ३,००,०००।- (अक्षेरुपी तीन लाख मात्र) ता.न.पाको मर्मत सम्भार कोष शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २४

तानसेन नगरपालिका वडा नं. ७ बंशगोपाल सरस्वती मा.वि.हुँदै बलालडाँडा जाने बाटोको स्तरोन्नती गर्ने क्रममा ए.टी. २३०/४०० भोल्टको लाइन विचमा रहेकोले उक्त स्थानमा विजुली पोल स्थानान्तरणमा लागेको रकम रु.१९७७३।४२ सम्बन्धित पक्षलाई कन्टेन्जेन्सीवाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २५

आगामी आ.व.२०८२।०८३ को लागि आन्तरिक आय ठेक्का बन्दोवस्तको कार्य अगाडि बढाउन तानसेन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने साथै मू.अ.कर बाहेक देहाय बमोजिमको न्यूनतम् अंक कायम गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) जडिबुटी, कवाडी र जीवजन्तु कर संकलन | रु.५०००००।- |
| (ख) विज्ञापन कर संकलन | रु.५८००००।- |
| (ग) तोकिएको स्थानमा पार्किङ्ग शुल्क संकलन | रु.७०००००।- |
| (घ) चमेनागृह भाडा मासिक | रु.८६६७।- |

निर्णय नं. २६

मिति २०८१।०१।२६ र २७ गते सम्पन्न भएको प्रथम रुरुक्षेत्र शालग्राम महोत्सवको खर्च अनुमोदन भई पर्यटन डिभिजन कार्यालय रुपन्देहीबाट प्राप्त रकमबाट खाम्ने विल भरपाईको खर्च भुक्तानी भईसकेकोले नगरपालिकाको दायित्व तर्फको विल भरपाईको खर्च रकम रु. १,६०,०००। मेला महोत्सव शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. २७

आर्थिक बर्ष ०८१।०८२ मा प्रदेश सरकारको सहयोगमा तानसेन नगरपालिका वडा नं. ६ वसपार्कमा हाईमाक्स लाईट जडान भएको तर उक्त लाईटको विद्युत महशुल भुक्तानी गर्न वाँकी रहेकोले भुक्तानी वाँकी रु.१०५८०९।९० ता.न.पा.को निर्मित सम्पतीको मर्मत सम्भार शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. २८

तानसेन नगरपालिका वडा नं. ८ का स्थानीय समुदायको माग वमोजिम मदनपोखरामा निर्माण भएको मदनपोखरा आधारभुत स्वास्थ्य सेवा केन्द्रको जग्गाको सम्बन्धमा जग्गादाता रमाकान्त पाण्डे र गणेश प्रसाद भट्टराईले मदनपोखरा आधारभुत स्वास्थ्य सेवा केन्द्र वनाउनको लागि स्वास्थ्य संस्थाको नाममा ६।६ आना जग्गा दान गर्नुभएकोमा जग्गाधनी रोमकान्त पाण्डेय र गणेश प्रसाद भट्टराईको नाममा रहेको क्रमश: कित्ता नं. १९८ र ३३१ वाट कित्ताकाट गरी कित्ता नं. ५९८ को क्षेत्रफल ०-६-०-० र कित्ता नं. ६०० को क्षेत्रफल ०-६-०-० मदनपोखरा आधारभुत स्वास्थ्य सेवा केन्द्रको नाममा दिएको तर मदनपोखरा आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन कित्ता नं. ५९८ र ६०० मा निर्माण हुनुपर्नेमा कित्ता नं. ५९८ वाट कित्ता काट हुँदा कायम भएको कित्ता नं.५९९ र कित्ता नं. ३३१ को कित्ता काट हुँदा कायम भएको कित्ता नं. ६०१ को जग्गामा भवन निर्माण भई फरक परेकोले उक्त कित्ता नं. ५९९ र ६०१ को जग्गामा मदनपोखरा आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण भएकोले उक्त भवन निर्माण भएको जग्गा नगरपालिकाले खरिद गर्नुपर्ने भनि वडा कार्यालयवाट माग भएकोमा जग्गा प्राप्ती ऐन, २०३४ तथा अन्य प्रचलित कानून वमोजिम प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

निर्णय नं. २९

तानसेन नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण प्रतिवेदन २०८१ स्वीकृत गरी प्राप्त सुझावलाई कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ३०**

लुम्बिनी प्रदेश सरकारद्वारा जारी स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ३ को उपदफा २ र स्थानीय निजामती सेवा नियमावली , २०८१ को नियम ३ को उपनियम १ वमोजिम तानसेन नगरपालिका (स्थानीय सेवा) मा कार्यरत कर्मचारीहरुको सेवा, समुह, उपसमुह, तह, पदनाम तथा सेवा प्रवेशको न्युनतम् शैक्षिक योग्यता कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

तानसेन नगरपालिका स्थित ता.न.पा. वडा नं. २ संचालन भएको अल्पकालिन सुरक्षित आवास गृह (सेफ हाउस ) संचालन तथा व्यवस्थापन गर्नका लागि पाल्पा जिल्लाका जिल्ला समन्वय प्रमुख श्री टंकनाथ खनाल ज्युको अध्यक्षतामा बसेको बैठकवाट नगरपालिकावाट रु १,२५०००। (एकलाख पचिस हजार मात्र) जिल्ला समन्वय समिति मार्फत सहयोग गर्नेगरी निर्णय भएकोले उक्त कार्यक्रम संचालन गर्नका लागि ता.न.पा.को हितकारी कोष शिर्षकवाट रु. १,२५,०००। सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

तानसेन नगरपालिका पाल्पा र पाल्पाली समाज पोखराको सहकार्यमा तानसेनको पर्यटन प्रवर्द्धन गर्ने हेतुले पोखरा स्थित लेकसाईडमा विगत देखि नै डिजिटल वोर्ड संचालनमा रहेकोले उक्त डिजिटल वोर्डको प्रत्यक वर्ष सम्झौता अनुसार मर्मत तथा विद्युत महशुल र अन्य खर्चमा भएको भुक्तानी दिदै आएकोमा यस आ.व.मा दिनुपर्ने रु.१०००००। (एक लाख मात्र) तानसेन नगरपालिकाको **मर्मत सम्भार कोष शिर्षकवाट** भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३३**

तानसेन नगरपालिका र स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको सहलगानीमा तानसेन नगरपालिकामा आ.व. ०८१।०८२ मा ठेक्कावाट संचालन भएका योजनाहरु मध्य सम्पन्न भएका योजनाहरुको कार्य स्वीकृत गरी वाँकी तपशिलका योजनाहरु सम्झौता मिति भित्र सम्पन्न नभएको उक्त योजनाहरु हालसम्म सम्पन्न कार्यको नापजाँच गरी मूल्यांकनका आधारमा रनिङ्ग वील भुक्तानी दिने निर्णय गरियो ।

क. गुदियाचौर ढुंगेधारा मोटरवाटो स्तरोन्नती ता.न.पा. वडा नं. ११

ख. मौवाडाडा चिउरी मोटरवाटो स्तरोन्नती ता.न.पा. वडा नं. १२

ग. सिद्धार्थ राजमार्ग अन्तर्गत बृन्दावन देखि कार्यालय र वालकन्या भगवती स्कुल सम्मको वाटो स्तरोन्नती गर्ने, ता.न.पा वडा नं. १०

**निर्णय नं. ३४**

स्थानीय पूर्वाधार विकास कार्यक्रम (LISP) को सहलगानीमा तानसेन नगरपालिकामा आ.व. २०८२।०८३ मा संचालन हुनगरी देहायका योजनाहरु स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम | वडा नं. | वजेट रकम रु. |
|---|---|---|---|
| १ | गोर्खेकोट-आरुखर्क-हातेमालो चोक हुँदै सिद्धार्थ राजमार्ग जोडिने कृषि सडक स्तरोन्नती | १ | १०००००००।- |
| २ | महिला विकास भवन देखि तीनधारासम्म ढल तथा वातावरण व्यवस्थापन | २ | ७००००००।- |
| ३ | कृषि उपज संकलन केन्द्र शुरु बाटो-सिन्दुरे धारा सडक स्तरबृद्धि, भूक्षय तथा जलाधार व्यवस्थापन : (कृषि उपज सकलन केन्द्रबाट तल्लो होलाङ्दी जाने नाली तथा बाटो ढलान कृषि संकलन केन्द्र देखि माथल्लो बाटो ढलान र सिदुरेधारा टंकी निर्माण तथा धारा व्यवस्थापन, शुरुको अधुरो वाल पुरा गर्ने र "प" धारा तर्फको ढल स्तरोन्नती समेत) | ३ | ६४०००००।- |

पितम्बिर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

[signature] कृष्ण लाल श्रेष्ठ
प्रमुख

| | | | |
|---|---|---|---|
| ४ | चिउरीबोट-ढुङ्गाखानी हुँदै तम्घास बाइपास जोडने कृषि सडक स्तरोन्नती | ५ | १०००००००।- |
| ५ | माथिल्लो पक्लुवा-सानीपीपल-कुनसरे-दुर्गामन्दिरसम्मको सडक स्तरोन्नती | ७ | १०००००००।- |
| ६ | बौधागुम्हा खानेपानी तथा सरसफाई योजना | १३ | १०००००००।- |
| ७ | पोडेखोल्सा ढल तथा भूक्षय व्यवस्थापन (बजेट व्यवस्थापन गर्न सकिएमा कार्यान्वयन गरिने) | ४ | |
| | | जम्मा | ५३४०००००।- |

**निर्णय नं. ३४**

तानसेन नगरपालिका र हेफर नेपाल बीच साझेदारीमा संचालित "तानसेन आर्थिक विकास परियोजना" को लागि सम्झौता बमोजिम चालु आ.व.२०८१/०८२ मा रकम रु.६६००,०००।- विनियोजन भएकोमा यस मध्येको रकम नेपाल नगरपालिका सँघको भवन निर्माणको लागि रु.५०००००।- लाख उपलब्ध गराईएको कारण नपुग हुन आउने रकम ५०००००।- चालु आ.व.को नगर विकास योजनाको होलाङ्दी खोल्सा अधुरो ढल निर्माण पहिरो नियन्त्रण शिर्षकबाट रकमान्तर गरी सम्बन्धित पक्षलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३५**

यस नगरपालिकाको तर्फबाट कानूनी परामर्श सेवा उपलब्ध गराए बापत मदरल्याण्ड लिगल कन्सल्टेन्सी सेन्टर, बुटवल रुपन्देहीका अधिवक्ता बाबुराम पाण्डेलाई रु.९००००।- र बुटवल न.पा. ४ का श्री कृष्ण प्रसाद अधिकारीलाई रु.११४००।- गरी कुल रकम रु.१०१४०० चालु आ.व.को नगर विकास योजनाको सेवा र परामर्श शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३६**

नेपाल पर्यटन वोर्डको आ.व. ०८१।०८२ को वजेट तथा कार्यक्रम अन्तर्गत पर्यटन सम्पदा विकास तथा दीगो पर्यटन अन्तर्गत रानीमहल मर्मत सम्भार तथा सौन्दर्यकरण गर्नका लागि लागत वेहोर्नुपर्ने थप रकम रु. १७४८९६। तानसेन नगरपालिकाको मर्मत सम्भार कोष शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

दिल बहादुर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख